Citizens Bank

**Citizens Bank International Limited**
Narayanhiti Path, Kathmandu, Nepal
Tel : 01-4527842/43/24, Fax: 01-4527044, PO Box: 19681
Email: info@ctznbank.com, URL: www.ctznbank.com
Swift Code: CTZNNPKA

THE BANKER
BANK OF THE YEAR 2024
NEPAL

Ref:CBIL/COM/082/83-1380

मिति: २०८२/०७/१८

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरबार, काठमाण्डौं ।

**विषयः १९औं वार्षिक साधारण सभा बस्ने जानकारी सम्बन्धमा ।**

महोदय,

यस बैंकको मिति २०८२/०७/१८ गते बसेको संचालक समितिको ४९६औं बैठकले निर्णय गरे अनुसार यस बैंकको निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न १९औं वार्षिक साधारण सभा बस्ने भएको व्यहोरा तहाँको जानकारीको लागि अनुरोध छ ।

**१. सभा हुने मिति, स्थान र समय**

सभा हुने मिति :- २०८२ साल मंसिर महिना १२ गते (तदअनुसार नोभेम्बर २८, २०२५) शुक्रबार ।
स्थान :- अनुपम फुडल्यान्ड एण्ड बैंक्वेट, बत्तीसपुतली, काठमाण्डौ ।
सभा सुरु हुने समय :- बिहान ११:०० बजे ।

**२. छलफलका विषयहरु :**

**क. साधारण प्रस्तावहरु**

१. आ.व. २०८१/८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको बैंक तथा बैंकको सहायक कम्पनीहरु सहितको एकीकृत वासलात र मिति २०८१/०४/०१ देखि २०८२/०३/३२ सम्मको नाफा नोक्सानको हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरुमाथि छलफल गरी पारित गर्ने ।
३. सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार कर प्रयोजनार्थ ०.२६३ प्रतिशतका दरले हुन आउने रु. ३८,८६५,८२३.५९ बराबरको नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।
४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८२/८३ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
५ बैंकको नियमावली अनुसार समूह 'क' का संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने संचालक पद १ (एक) र समूह 'ख' का सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने संचालक पद ३ (तीन) निर्वाचन गर्ने ।

CITIZENS BANK INTERNATIONAL LTD. Corporate Office सिटिजन्स बैंक इन्टरनेशनल लि.

**ख. विशेष प्रस्तावहरु**

१. सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार ५ प्रतिशतका दरले हुन आउने रु.७३८,४५०,६४८.३० बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

२. (क) बैंकको प्रबन्धपत्रमा संशोधन गर्ने ।
   (क-१) बैंकको अधिकृत पूँजी बृद्धि गर्ने सम्बन्धमा ।
   (क-२) बैंकको जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्ने सम्बन्धमा ।

३. बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्न अनुमति लिनु पर्ने निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग. विविध**

भवदीय

प्रमेश राज कायस्थ
कम्पनी सचिव